# सुन्दरदुलारी नगरपालिका कार्यालय, पदपूर्ति समिति

## प्रशासन सेवा, सहायक स्तर चौथो तह, कार्यालय सहायक पदको खुला तर्फ लिखित परीक्षाको पाठ्यक्रम

**भाग - १**

लिखित परीक्षा **(Written Examination)** :– प्रथम चरण   पूर्णाङ्क :– ३००

**भाग - २**

दोस्रो चरण **(Final Examination)** :– कम्प्युटर सीप परीक्षण र अर्न्तवार्ता   पूर्णाङ्क :– ५०

लिखित परीक्षा योजना **(Written Examination Scheme)**

१. लिखित परीक्षा : प्रथम चरण **(First Phase)**

| पत्र | विषय | पूर्णाङ्क | उर्तिणाङ्क | परीक्षा प्रणाली | प्रश्नसंख्या x अङ्क | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | सामान्य ज्ञान र सामान्य वौद्धिक परीक्षण (General Knowledge & General Mental Ability Test) | १०० | ४० | वस्तुगत (Objective): बहुवैकल्पिक प्रश्न (Multiple Choice Question) | ५० प्रश्न × २ अंक | ४५ मिनेट |
| द्वितिय | विज्ञान र गणित (Science & Mathematics) | १०० | ४० | वस्तुगत (Objective): बहुवैकल्पिक प्रश्न (Multiple Choice Question) | ५० प्रश्न × २ अंक | १ घण्टा |
| तृतीय | सामाजिक अध्ययन तथा कार्यालय संचालन (Social Studies and Office Practices) | १०० | ४० | विषयगत (Subjective): छोटो र लामो उत्तर (Short and Long Answer) | १२ प्रश्न × ५ अंक<br>४ प्रश्न × १० अंक | २ घण्टा ३० मिनेट |

२. **कम्प्यूटर सीप परीक्षण तथा अन्तर्वार्ता : द्वितीय चरण (Second Phase)**

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | समय |
|---|---|---|---|
| कम्प्यूटर सीप परीक्षण (Computer Skill Test) | १० | प्रयोगात्मक (Practical) | १५ मिनेट |
| व्यक्तिगत अन्तर्वार्ता (Interview) | ४० | मौखिक (Oral) | |

# सुन्दरदुलारी नगरपालिका कार्यालय, पदपूर्ति समिति

प्रशासन सेवा, सहायक स्तर चौथो तह, कार्यालय सहायक पदको खुला तर्फ लिखित परीक्षाको पाठ्यक्रम

विषयः- कम्प्यूटर सीप परिक्षण **(Computer Skill Test)**

***1. Windows Basic***

- Introduction to Graphical User Interface
- Starting and shutting down Windows
- Basic Windows Elements - Desktop, Taskbar, My Computer, Recycle Bin, etc.
- Concept of files and folders
- Searching files and folders

***2. Word Processing/ MS Word***

- Creating, saving and opening documents
- Typing in Devanagari and English
- Text formatting (Font, Size, Color, Underline, Italic, Bold, etc) and paragraph
- Formatting (alignment, indentation, spacing) Inserting header, footer, page number
- Page setting (margin, page size, orientation), previewing and printing of documents

## प्रयोगात्मक परीक्षा योजना (Practical Examination Scheme)

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | विषयवस्तु शीर्षक | अंक | समय |
|---|---|---|---|---|---|
| कम्प्यूटर सीप परीक्षण (Computer Skill Text) | १० | प्रयोगात्मक (Practical) | Devanagari Typing | २.५ अंक | ५ मिनेट |
| | | | English Typing | २.५ अंक | ५ मिनेट |
| | | | Windows basic and Ms-Word | ५ अंक | ५ मिनेट |

# सुन्दरदुलारी नगरपालिका कार्यालय, पदपूर्ति समिति

## प्रशासन सेवा, सहायक स्तर चौथो तह, कार्यालय सहायक पदको खुला तर्फ लिखित परीक्षाको पाठ्यक्रम

३. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुका गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

४. बहुवैकल्पिक प्रश्नहरु हुने परीक्षामा कुनै प्रकारको क्याल्कुलेटर (Calculator) प्रयोग गर्न पाइने छैन ।

५. विषयगत प्रश्नको लागि तोकिएका १० अङ्कका प्रश्नहरुको हकमा १० अङ्कका एउटा लामो प्रश्न वा एउटै प्रश्नको दुई वा दुई भन्दा बढी भाग (Two or more parts of a single question) वा एउटा प्रश्न अन्तर्गत दुई वा बढी टिप्पणीहरु (Short notes) सोध्न सकिने छ ।

६. परीक्षामा सोधिने प्रश्नसंख्या, अङ्क र अङ्कभार यथासम्भव सम्बन्धित पत्र/विषयमा दिइए अनुसार हुनेछ ।

७. विषयगत प्रश्न हुन पत्र/विषयका प्रत्येक भाग/खण्ड/एकाइका लागि छुट्टाछुट्टै उत्तर पुस्तिकाहरु हुने छन् । परिक्षार्थीले प्रत्येक भाग/खण्ड/एकाइको प्रश्नहरुको उत्तर सोही भाग/खण्ड/एकाइको उत्तरपुस्तिकामा लेख्नु पर्नेछ ।

८. यस पाठयक्रम योजना अर्न्तगतका पत्र/विषयका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि पाठयक्रममा परेका कानुन, ऐन, नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (सशोधन भएका वा सशोधन भई हटाइएका वा थप गरी सशोधन भई) कायम रहकोलाई यस पाठक्रममा परेको सम्झनु पर्दछ ।

९. लिखित परीक्षामा छनोट भएका उम्मेदवारहरुलाई मात्र दोश्रो चरणको कम्प्युटर सीप परीक्षण र अर्न्तवार्तामा सम्मिलित गराइनेछ ।

१०. लिखित परीक्षा र दोश्रो चरणको कम्प्युटर सीप परीक्षण तथा अन्तवार्ताको कुल अङ्क योगका आधारमा अन्तिम परीक्षाफल प्रकाशित गरिनेछ ।

# सुन्दरदुलारी नगरपालिका कार्यालय, पदपूर्ति समिति

## प्रशासन सेवा, सहायक स्तर चौथो तह, कार्यालय सहायक पदको खुला तर्फ लिखित परीक्षाको पाठ्यक्रम

प्रथमपत्र : (सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण)

१. सामान्य ज्ञान — ३५ प्रश्न × २ अङ्क = ७० अङ्क

१.१ सौर्यमण्डल र पृथ्वी सम्बन्धी सामान्य जानकारी ।

१.२ विश्वको भूगोल (महादेश, महासागर, धुव्र, अक्षांश, देशान्तर, समय, दुरी, पर्वतश्रृखला, भूकम्प, ज्वालामुखी, नदी, हिमनदी, ताल, जलवायु, आदि ।

१.३ नेपालको भूगोल (भौगोलिक अवस्था, धरातलीय स्वरुप र प्राकतिक सम्पदा(जलस्रोत, जीवजन्तु, वनस्पति, माटो, खनिज पदार्थ, पहाड, आदि) ।

१.४ विश्वको इतिहास (ओद्यौगिक क्रान्ति, फ्रान्सको राज्यक्रान्ति, अमेरिक स्वतन्त्रता सङग्राम, रुसी/अक्टोवर क्रान्ति, प्रथम र द्वितीय विश्वयुद्ध तथा भारतीय स्वतन्त्रता सङग्राम; घटना, कारण र परिणामहरू ।

१.५ नेपालको इतिहास (प्राचीन कालदेखि हालसम्म)

१.५.१ किराँतकाल, लिच्छविकाल र मध्यकाल; सामाजिक, साँस्कतिक, आर्थिक एवं राजनीतिक अवस्था ।

१.५.२ आधुनिक इतिहास (नेपालको एकीकरण देखि हालसम्म); राजनीतिक घटनाक्रम, सामाजिक, साँस्कृतिक र आर्थिक अवस्था ।

१.६ नेपालको सामाजिक अवस्था, परम्परा, मूल्य र मान्यता, धर्म, जातजाति, भाषाभाषी, संस्कृति, कला, साहित्य, संगीत, साँस्कृतिक सम्पदा र आर्थिक अवस्था (कृषि, उद्योग, व्यापार, पर्यटन, यातायात, सञ्चार, विकास योजना, आदि) सम्बन्धी जानकारी ।

१.७ मानव जीवनमा प्रत्यक्ष प्रभाव पार्ने विज्ञानका प्रमुख आविष्कार र नविनतम गतिविधिहरु सम्बन्धी जानकारी ।

१.८ पर्यावरण, जैविक विविधता, दिगो विकास, जलवायु परिवर्तन, वातावरण व्यवस्थापन, प्रदुषण, जनसख्या, शहरीकरण, बसोवास (बँसाईसराई), गरीबी, स्वास्थ्य, रोग, खाद्य र पोषण, आदि सम्बन्धी जानकारी ।

१.९ नेपालको शासनपद्धति र सरकार - संविधान, राजनीतिक व्यवस्था, स्थानीय सरकार, सुशासन, आदि ।

१.१० अन्तर्राष्ट्रिय सम्बन्ध तथा संघ/संस्था - संयुक्त राष्ट्रसंघ र क्षेत्रीय संगठन (सार्क, आसियान, युरोपियन युनियन) ।

१.११ राजनीतिक, सामाजिक, आर्थिक, साँस्कतिक, खेलकुद, पुस्तक, पुरस्कार, कला, साहित्य, संगीत, आदि लगायत राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्वका समसामयिक गतिविधिहरु र महत्वपूर्ण व्यक्तित्व तथा विचारकहरु सम्बन्धी जानकारी ।

२. सामान्य बौद्धिक परीक्षण १५ प्रश्न × २ अङ्क = ३० अङ्क

बौद्धिक परिक्षण अर्न्तगत साधारणतया देहायका उपपरिक्षणहरु पर्दछन : शाव्दिक तार्किक परीक्षण, मात्रात्मक (संख्यात्मक वा अंक सम्बन्धी) तार्किक परीक्षण र अशाब्दिक अमूर्त तार्किक परीक्षण

२.१ शाव्दिक तार्किक/चातुयर्ता परीक्षणमा बोध, शब्दज्ञान, अनुक्रम, समरुपता, वर्गीकरण, कोडिङ ( डिकोडिङ, दिशा र दुरी ज्ञान परीक्षण, तर्क विचार सम्बन्धी, श्रेणीक्रम (पंक्तिक्रम), आगमन, निगमन, आदि विषयवस्तुबाट प्रश्नहरु समावेश गरिनेछ ।

२.२ मात्रात्मक (संख्यात्मक वा अंक सम्बन्धी) तार्किक परीक्षणमा अनुक्रम (श्रेणीक्रम), समरुपता, वर्गीकरण, कोडिङ, छाडिएका संख्या (अक्षर/संकेत) मिलाउने, साझा गुण, मेट्रिक्स, तथ्यांक व्याख्या, तथ्यांक जाँच (रुजु), अंकगणितीय तर्क /क्रिया सम्बन्धी, आदि विषयवस्तुबाट प्रश्नहरु समावेश गरिनेछ ।

२.३ अशाब्दिक तार्किक परीक्षणमा अनुक्रम, समरुपता, एकरुपता, वर्गीकरण, चित्रात्मक विश्लेषणात्मक तर्क सम्बन्धी, भेन चित्र, मेट्रिक्स, त्रिभुज र वर्गहरुका रचना, चित्र वा आकृति बनावट र विश्लेषण, आदि विषयवस्तुबाट प्रश्नहरु समावेश गरिनेछ ।